# लैंगिक समानताको अभियान रिले दौड जस्तो हो (चन्द्रा भद्रासँग अन्तर्वार्ता)

**सावित्री गौतम**

लैंगिकता र लैंगिक विषय हिजोआज प्रचलित शब्दावली बनेका छन् । सरकारी/गैरसरकारी कार्यालयदेखि समुदायस्तरका संघ/संस्थाहरूमा समेत दैनिक काम कारबाहीमा लैंगिक संवेदनशिलता अपनाउनुपर्छ भन्ने प्रशस्त चेतना आएको देखिन्छ । देशका विभिन्न शिक्षण संस्था र विश्वविद्यालयमा लैंगिक विषयको अध्ययन-अध्यापन हुन थालेको छ । केही वर्षयता सरकारी कार्यालयमा लैंगिक उत्तरदायी बजेट निर्माण र लैंगिकतामा आधारित बजेट "अडिट" गर्नुपर्ने अनिवार्य प्रावधानसमेत रहेको छ ।

हालका दिनहरूमा प्रचलित बनेको लैंगिकतालाई नेपाली जनजीवनमा भित्र्याउन पहल गर्ने, त्यसका लागि वर्षौं लामो क्रियाशिलता, पैरवी र योगदान गरेका केही व्यक्तिमध्ये प्राध्यापक डा. चन्द्रा भद्राको नाम अग्रपंक्तिमा आउँछ । विश्वविद्यालयस्तरीय प्राध्यापनको ३० वर्षभन्दा लामो अनुभव भएकी भद्रा त्रिभुवन विश्वविद्यालयमा लैंगिक विषयलाई पठनपाठनको विषय बनाउन पहल गर्ने प्रमुख व्यक्तिमध्ये एक थिइन् । योबाहेक भद्रासँग सन् १९९४/९५ मा राष्ट्रिय योजना आयोगको "राष्ट्रिय विकास योजनामा लैंगिक सरोकार मूलप्रवाहीकरण" (मेनस्ट्रिमिङ जेण्डर कन्सिडरेसन्स इन्टु दि नेसनल डेभलपमेन्ट प्लानिङ) विषयको परामर्शदाता, सन् १९९६ मा नेपालमा स्थापनाकालीन महिला तथा समाजकल्याण मन्त्रालयको सल्लाहकार, सन् २००३ मा जनसंख्या तथा वातावरण मन्त्रालयको "जनसांख्यिक दृष्टिकोणीय योजनामा लैंगिक मूलप्रवाहीकरण" (मेनस्ट्रिमिङ जेण्डर इन द पपुलेसन पर्सपेक्टिभ प्लान) विषयको परामर्शदाता, साथै सन् २००५ मा अर्थ मन्त्रालयको लैंगिक उत्तरदायी बजेट विज्ञ र सन् २००९ मा राष्ट्रिय जनसंख्या समितिको सदस्यको रूपमा काम गरिसकेको अनुभव छ । यसबाहेक दक्षिण एसिया स्तरमा "सार्क जेण्डर इन्फो बेस" कार्यक्रमको प्राविधिक विशेषज्ञ भएरसमेत उनले काम गरिसकेकी छन् ।

लैंगिकताको क्षेत्रमा तीन दशकभन्दा लामो योगदान पुऱ्याएकी भद्रा ६९ वर्षको उमेरमा पनि यही क्षेत्रमा उत्तिकै सक्रिय छिन् । हाल पोखराको रानीपौवामा बसोबास गर्ने भद्रा आज पनि विभिन्न कलेजमा अतिथि प्राध्यापकको रूपमा कार्यरत रहनुका साथै, विभिन्न प्राज्ञिक संस्थाका लागि लैंगिकतामा आधारित पाठ्यक्रम निर्माण, राष्ट्रिय दैनिक र विभिन्न

*समाज अध्ययन* ११ : २२९–२३८, २०७३

जर्नलमा लैंगिकताका मुद्दा समेटिएका लेख लेख्ने वा नयाँ पुस्ताका लागि लैंगिक सचेतनका विभिन्न कार्यक्रम आयोजना गर्ने जस्ता काममा निरन्तर क्रियाशील छिन् । भद्रा भन्छिन्, "समाजलाई लैंगिक संवेदनशील बनाउने यो अभियान कुनै एक व्यक्ति विशेष वा एक पुस्ताले समापन गर्ने विषय होइन । यो त रिले दौड जस्तो हो – आफूले सकुञ्जेल दौडिरहने र नयाँ पुस्तालाई यो अभियानको "रिले ब्याटन" हस्तान्तरण गर्ने ।" भद्राको लैंगिक र प्राज्ञिक अनुभवमा आधारित पुस्तक *थ्री डिकेड्स अफ एकेडेमिक एड्भोकेसी फर जेण्डर इक्वालिटी एण्ड इम्पावरमेन्ट अफ वीमेन इन नेपाल* सन् २०१७ मा प्रकाशित भएको छ । प्रस्तुत अन्तर्वार्तामा भद्राको सो पुस्तक, लैंगिकताको क्षेत्रमा उनको क्रियाशिलता साथै नेपालमा लैंगिकताको विगत र वर्तमान अवस्थासम्बन्धी विषयवस्तु समेटिएको छ । यो अन्तर्वार्ता *समाज अध्ययन*का लागि पत्रकार सावित्री गौतमले लिएकी हुन् । जर्नलका सम्पादकहरू प्रत्यूष वन्त र नीति अर्याल खनालले अन्तर्वार्ताको प्रारम्भिक मस्यौदा पढेर दुवैका थप प्रश्न र टिप्पणीको सम्बोधनसहित यसलाई अन्तिम रूप दिइएको हो ।

☞ *"थ्री डिकेड्स अफ एकेडेमिक एड्भोकेसी फर जेण्डर इक्वालिटी एण्ड इम्पावरमेन्ट अफ वीमेन इन नेपाल" कस्तो खालको किताब हो?*

विगत तीस वर्ष (सन् १९८६–२०१६) मा विभिन्न पत्रिका तथा जर्नलमा छापिएका र सम्मेलनमा प्रस्तुत गरिएका लेखको सँगालो हो यो किताब । महिला सशक्तीकरण र लैंगिक समानताको निम्ति "३० वर्षको प्राज्ञिक पैरवी" भन्न चाहन्छु म यसलाई । यो विश्वविद्यालयको पाठ्यक्रमअन्तर्गत पर्दैन तर महिला विषयक अध्ययन र लैंगिक अध्ययनमा रुचि राख्ने जो कोहीलाई पनि किताब काम लाग्छ भन्ने कुरामा मलाई पूर्ण विश्वास छ । किताबमा ३७ ओटा लेख समावेश गरेको छु । यसमा विशेषतः महिला सशक्तीकरण तथा लैंगिक समानताको विषय नै समेटिएको छ । कुनै अनुसन्धानात्मक लेख छन् भने कुनै लैंगिक मूलप्रवाहीकरणसम्बन्धी पूर्णतया प्राविधिक र विधिगत विषयका लेख छन् । प्राज्ञिक नभए पनि महिला सशक्तीकरण तथा लैंगिक समानताको पैरवीको निमित्त लेखेका र बोलेका लेख पनि समावेश छन् । महिलाको कामको आर्थिक मूल्यांकनको विषयका लेख यो किताबमा पाइन्छ ।

☞ *त्रिभुवन विश्वविद्यालयमा लैंगिकतालाई पनि अध्ययन अध्यापनको विषय बनाइनुपर्छ भन्नेबारे पहल गर्ने मुख्य व्यक्तिमध्ये यहाँ पनि एक हुनुहुन्थ्यो जबकि आफू स्वयं नेपाली विषयको प्राध्यापक हुनुहुन्थ्यो । नेपाली साहित्यको प्राध्यापन गर्दागर्दै यस्तो विचार कसरी आयो?*

पाटन क्याम्पसमा नेपालीको प्राध्यापन गरिरहेको समयमा मैले आफ्ना श्रीमान् (प्रा.डा. विनायक भद्रा) पीएचडी गर्न अमेरिका जाँदा (विद्यार्थी दम्पतीको रूपमा) सँगै जाने मौका पाएकी थिएँ। श्रीमान् दिनभरि विश्वविद्यालय गएको बेला मलाई "टीभी हेरेर बस्नुको सट्टा बरु आफू पनि विश्वविद्यालयमा पढौँ न" भन्ने इच्छा जाग्यो। त्यही समयको सदुपयोग गर्ने उद्देश्यले मैले त्यहाँ "स्पेसल स्टुडेन्ट"को रूपमा स्नातकोत्तर कोर्स शुरू गरेँ। मेरा श्रीमान्‌ले आफ्नै छात्रवृत्तिबाट मेरो शुल्क तिरिदिनुभयो। छ महिनासम्म "स्पेसल स्टुडेन्ट" भएर पढिसकेपछि मेरो परीक्षाको नतिजा हेरेर विश्वविद्यालयले मलाई पनि छात्रवृत्ति दियो र म एमएस पूरा गरी नेपाल फर्केँ। यो सन् १९८१ को कुरा थियो। स्नातकमा अर्थशास्त्र पनि पढेको अनुभवको आधारमा मैले "रिसोर्स म्यानेजमेन्ट" (स्रोत व्यवस्थापन) लाई आफ्नो मुख्य विषय बनाएँ। विशेष गरी महिलाको आर्थिक सशक्तीकरण, उनीहरूको अवैतनिक कामको पनि आर्थिक रूपमा गणना हुनुपर्छ भन्ने कुरालाई मुख्य मुद्दा बनाएर त्यस्तै किसिमका विषयमा आफ्नो अध्ययन अगाडि बढाएँ।

नेपाल फर्केपछि पनि मैले लैंगिक विषय, त्यसमा पनि महिलाले घरभित्र गर्ने कामको पनि आर्थिक गणना हुनुपर्दछ भन्ने विषयकै पैरवी गर्न थालेँ। यही बेला पद्मकन्या क्याम्पसमा गृहविज्ञान विभागअन्तर्गत गृह व्यवस्थापन विषयको लेक्चरर आवश्यक भएपछि मेरो सरुवा पाटन क्याम्पसबाट पद्मकन्या क्याम्पसमा भयो। मैले आफ्नो अध्यापनलाई नेपाली साहित्यबाट गृह विज्ञानतर्फ मोडेँ। त्यसमा पनि विशेषतः गार्हस्थ तथा पारिवारिक स्रोत व्यवस्थापनमा केन्द्रित गरेँ। पछि मैले स्नातकोत्तर गरेकै ओरेगन विश्वविद्यालयबाट पीएचडीका लागि पनि छात्रवृत्ति पाएँ र सन् १९९८ मा "फ्यामिली रिसोर्स म्यानेजमेन्ट" विषयमा पीएचडी पूरा गरेँ। यसरी मेरो प्राज्ञिक यात्रामा नेपाली साहित्यसँगै लैंगिक अध्ययन पनि आफ्नो इच्छाअनुसार थपियो।

☞ *जुन बेला तपाईंले अब लैंगिकतालाई पनि त्रिविको पाठ्यक्रममा सामेल गरिनुपर्छ भन्ने आवाज उठाउनुभयो, यसैलाई छुट्टै विषय बनाइनु वा स्पेसिफिक (विशिष्टिकरण) गरिनु जरुरी छैन जस्ता कुराहरू आए कि आएनन्? त्रिविबाट कुनै अवरोध भयो कि भएन?*

त्यति बेला (सन् १९८० को समयमा) महिला सशक्तीकरण भन्ने शब्द नै प्रचलनमा आइसकेको थिएन। "विकासमा महिला" वा "महिला विकास" जस्ता शब्दावली प्रचलित थिए। त्यसैले त्रिविको कुरा त परै छाडौँ, हामी महिलाकै क्षेत्रमा काम गर्नेहरू अझ महिलाहरूकै माझमा पनि यो लैंगिकता भन्ने विषय पठनपाठनको वा प्राज्ञिक विषय कसरी बन्न सक्छ र भन्ने प्रश्न उठेको थियो। तर हामीले विस्तारै साथीहरूको मन जित्यौँ, हामी सक्छौँ भनेर विश्वास दिलायौँ र पहल गर्दै गयौँ। यसको शुरूआत स्वरूप

सन् १९८६/१९८७ देखि नै गृहविज्ञानको एमएमा एक विषय राखेर पाठ्यक्रम तयार गर्ने, विशेषज्ञसँग छलफल गर्ने र त्रिविका पदाधिकारीबाट अनुमति लिने काम गऱ्यौँ। र खास कक्षा चाहिँ गृहविज्ञान केन्द्रीय विभाग, पद्मकन्या क्याम्पस, काठमाडौँमा सन् १९९० देखि शुरू गऱ्यौँ। एउटा विषयमा हामीले "कृषिमा महिला" र "विकासमा महिला" भन्ने ५०/५० अंकका पत्रहरू समावेश गरेका थियौँ। "कृषिमा महिला" विषयक पत्रमा महिलाको कृषिसम्बन्धी क्रियाकलाप तथा नेपाली अर्थतन्त्रमा कृषिमार्फत महिलाको योगदानबारे चर्चा, परिचर्चा र नेपाली महिलालाई कृषकको रूपमा पहिचान गरिनु पर्ने प्राज्ञिक पैरवी संलग्न गरियो। "विकासमा महिला" विषयक पत्रमा सन् १९७५ पछिको विश्वव्यापी अभियान, विभिन्न विश्व महिला सम्मेलन र विश्व समुदायले विकासमा महिला तथा महिला अधिकारबारे गरेका प्रतिबद्धता समावेश गरियो। राष्ट्रियस्तरमा नेपालले गरेका नीतिगत प्रतिबद्धता तथा कार्यक्रमहरूको जानकारी तथा लेखाजोखा पनि समावेश गरियो। यसको साथै विद्यार्थीले अनिवार्य रूपमा गर्नुपर्ने एक सय नम्बरको अनुसन्धानात्मक शोधपत्रमा "विकासमा महिला" को विषयलाई पनि आत्मसात गरियो। यसका लागि हामीले "विकासमा महिला"मा अनुसन्धानरत र क्रियाशील तत्कालीन विज्ञहरू डा. मीना आचार्य, डा. वीणा प्रधान लगायतको सहयोग लियौँ। अझ अर्को एकजना व्यक्तित्वको मैले नाम लिनैपर्छ जसले लैंगिक विषयलाई प्राज्ञिक विषय बनाउन सकिन्छ भन्ने कुरामा विश्वास राखेर यसलाई अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। उहाँ डा. लीला केसी हुनुहुन्थ्यो। त्यति बेला गृहविज्ञान केन्द्रीय विभागको अध्यक्ष हुनुहुन्थ्यो।

विस्तारै विकासमा महिला वा महिला र विकासको क्षेत्रमा धेरै काम हुँदै गए। विशेष गरी छैठौँ पञ्चवर्षीय योजनादेखि एउटा छुट्टै परिच्छेद नै बनाएर विकासमा महिलासँग सम्बन्धित काम गर्नुपर्छ भन्ने विभिन्न नीति र कार्यक्रम आए। तर त्यसका लागि पनि विज्ञहरू त चाहिए। त्यति बेलासम्म यो क्षेत्रका पर्याप्त विज्ञ नेपालमा रहेनछन्। कि पश्चिमी देशबाट आउँदा रहेछन्, कि भारत वा श्रीलंकाबाट। हामीलाई लाग्यो, यदि हाम्रै देशमा यस विषयमा उच्च शिक्षा दिन सक्यौँ भने त आफ्नो देशलाई चाहिने मानव संसाधन आफ्नै देशमा उत्पादन गर्न सकिने रहेछ। त्यसपछि सन् १९९६ को सेप्टेम्बर महिनादेखि हामीले "डिप्लोमा इन वुमन्स स्टडीज" नामबाट एक वर्षे पोस्ट ग्र्याजुयट डिप्लोमा डिग्री शुरू गऱ्यौँ। यो डिप्लोमा डिग्रीको तयारी हामीले मुख्यतया सन् १९९३ तिरबाटै शुरू गरेका हौँ। यूएसएआइडीको सहयोगमा सेप्टेम्बर–डिसेम्बर १९९३ को तीन महिने प्राध्यापक प्रशिक्षण गरियो। जसअन्तर्गत "महिला विकास" सम्बन्धी पाठ्यक्रम विकास प्रमुख विषय रह्यो। यसै परियोजनाअन्तर्गत एक "पाठ्य सामग्री स्रोत केन्द्र" को स्थापना पनि गरियो। जसमा महिला तथा लैंगिकता विषयसँग सम्बन्ध राख्ने राष्ट्रिय, दक्षिण एसियाली क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरू सन्दर्भ सामग्रीको रूपमा संकलन गरियो। र यस गतिशील

विषयमा सन्दर्भ सामग्री संकलन कार्य निरन्तर रूपमा चलिरहनुपर्ने हुन्छ । यसबाहेक सन् १९९४ मा फेरि अर्को छुट्टै राष्ट्रिय कार्यशाला यस डिप्लोमाको र पाठ्यक्रम विकासको निम्ति सम्पन्न गरियो । अन्तमा क्यानाडेली संस्था सेसीको सहयोगमा २ अप्रिलदेखि १४ मे १९९६ सम्म दुई सप्ताहको अर्को प्रशिक्षण अन्तर्राष्ट्रिय प्राज्ञिक विज्ञबाट सम्पन्न गरियो । प्राध्यापकहरूलाई "महिला विषयक अध्ययन"को पठनपाठनको निम्ति तयारी गरी ६ सेप्टेम्बर १९९६ देखि "महिला विषयक अध्ययन" को डिप्लोमा क्लास शुरू गरियो । यो एक वर्षे डिप्लोमाको पाठ्यक्रममा चार पत्र समावेश गरियो । जसमा, प्रथम पत्र "लैंगिकताबारे अवधारणा तथा सिद्धान्त", दोस्रो पत्र "विकासमा महिला" तेस्रो पत्र "राजनीति, सार्वजनिक नीति, योजना तथा कानुन प्रणालीमा महिला" र चौथो पत्र "लैंगिक दृष्टिकोणबाट गरिने अनुसन्धान प्रणाली" रहेका छन् । चौथो पत्रअन्तर्गत अनिवार्य रूपमा ५० नम्बरको अनुसन्धानात्मक पत्र तयार गर्नु पर्दछ । यसको साथै विभिन्न संस्थाहरूबाट अपनाइएका नीति तथा सम्पन्न भएका कार्यक्रमबारे समूहगत अनुसन्धान तथा खोजमूलक अध्ययन पनि विद्यार्थीलाई गराइन्छ र प्रतिवेदन प्रस्तुत गर्न गर्न उनीहरूलाई सिकाइन्छ । सेप्टेम्बर २०१६ मा यो डिप्लोमा शुरू भएको २० वर्ष पूरा भयो । मलाई लाग्छ यी २० वर्षमा कम्तिमा पनि यस विषयमा ५०० जति विद्यार्थीले डिप्लोमा लिइसकेका छन्, जो विभिन्न विकाससँग सम्बन्ध राख्ने क्षेत्रहरूमा संलग्न छन् । खुसीको कुरा त के छ भने २० वर्षपछि पनि यस विषयमा विद्यार्थीको संलग्नता उत्साहजनक रहेको छ ।

महिला विषयक अध्ययन शुरू भएको केही वर्षमै पुरुषहरूबाट पनि "यो विषय त विकासमा महिलासँग सम्बन्धित भए पनि लैंगिक विषय रहेछ, हामीलाई पनि काम लाग्ने रहेछ, हामीले पनि पढ्न पाए हुने" भनेर माग हुन थाल्यो । त्यसपछि हामीले लैंगिक अध्ययन विषयमा एमएको पाठ्यक्रम बनाउन शुरू गर्‍यौँ । यसमा निकै लामो समय लाग्यो । विशेषतः विश्व प्राज्ञिक मञ्चमा लैंगिक अध्ययनको आलोचना मुख्यतयाः यो महिलाकेन्द्रित दर्शन, सिद्धान्त र राजनीति हो जसले गर्दा प्राज्ञिक विश्लेषणबाट पुरुषलाई अलग्याइएको र लैंगिकतालाई महिलाको पर्यायवाची शब्दको रूपमा मात्र प्रयोग गरिएको छ भन्ने हो । त्यसैले हामी लैंगिक अध्ययनको सच्चा हिमायतीहरूले यस आलोचनालाई स-धन्यवाद आत्मसात गरी महिला, पुरुष तथा तेस्रो लिंगी सबैलाई समावेश गरी उनीहरूलाई चिन्ने, बुझ्ने तथा उनीहरूका सरोकारलाई प्राज्ञिक पहलको धरातलबाट विकास पहलमा रूपान्तरण गर्न सकियो भने नै "लैंगिक अध्ययन" सही अर्थमा एक बलियो "मानव अध्ययन" बन्नेछ । यही दर्शनलाई आत्मसात गरी "विश्व प्राज्ञिक मञ्च" मा दखल राख्न सक्ने पाठ्यक्रम तयार पार्ने जमर्को गर्‍यौँ । यस विषयमा विज्ञता हासिल गरेका महिला पुरुष गरी धेरैजना विज्ञहरूसँग सहयोग लियौँ ।

अन्ततः सन् २००९ मा मात्रै त्रिभुवन विश्वविद्यालयमा लैंगिक अध्ययनमा एमएको पढाई शुरू भयो । मैले यस विषयको शुरूआतमा एक वर्षसम्म समन्वयकर्ताको भूमिका निभाउने प्रतिबद्धता जाहेर गर्दै उक्त काम पूरा गरेँ । विशेषतः हामी महिला अध्ययनसम्बन्धी विषयवस्तु सम्पादन गर्ने प्राध्यापकहरूलाई शुरूशुरूमा लैंगिक अध्ययन सम्पादन गर्न निकै नै गाह्रो भयो । महिला अध्ययन र लैंगिक अध्ययन एउटै विषय होइन । महिला अध्ययनमा हामी पितृसत्ताले महिला मात्रमा पारेको नकारात्मक असरको लेखाजोखा र पितृसत्ताको अन्त हुनुपर्दछ भन्ने कुराको पैरवी गर्छौं । तर लैंगिक अध्ययनमा पितृसत्ताले महिला र पुरुष दुवै थरीलाई पारेको नकारात्मक असरको लेखाजोखा र यस्तो पितृसत्ताको अन्त्यको लागि पैरवी गर्छौं । त्यसैले हामीले पहिलो वर्ष एक रणनीति बनायौँ जसमा कम्तीमा एकतिहाई पुरुष विद्यार्थीलाई भर्ना लिइयो, जसमा १४ जना महिला विद्यार्थी रहे भने ७ विद्यार्थी पुरुष रहे । कक्षालाई बढीभन्दा बढी महिला र पुरुषका अनुभवको आदानप्रदानमा केन्द्रित गरायौँ र पितृसत्ताले पुरुषहरूमा पारेको नकारात्मक असरलाई उजागर गर्ने कसरत गर्‍यौँ । शुरूशुरूमा पितृसत्तामा महिलाहरू नै पीडित छन् भन्ने सोच लिएका पुरुष विद्यार्थीले विस्तारै आफू पनि पितृसत्ताको शिकार भएको कुरा महसुस गरे । यसरी पितृसत्ता महिला विरोधी मात्र होइन समाज तथा मानवता विरोधी रहेछ भन्ने प्राज्ञिक निष्कर्षको स्थापना भयो । पछि गएर हामीले तेस्रोलिंगी तथा अन्तर्लिंगी (ट्रान्सजेन्डर) विद्यार्थीलाई विशेष उत्प्रेरणास्वरूप छात्रवृत्ति दिने र शिक्षण शुल्कमा समेत छुट गर्ने व्यवस्था गर्‍यौँ । ती विद्यार्थीको अनुभव तथा मुद्दाहरूलाई समेटेर पठनपाठन तथा अनुसन्धानमा समावेश पनि गर्‍यौँ । दुई वर्षे लैंगिक अध्ययनमा पहिलो वर्षको पहिलो पत्र "जेण्डर एण्ड सोसाइटी"; दोस्रो पत्र "पेट्रिआर्की एण्ड फेमिनिज्म : कन्सेप्ट्स, पर्सपेक्टिभ्स् एण्ड एक्सपिरिएन्सेस"; तेस्रो पत्र "जेण्डर एण्ड डेभलपमेन्ट"; र चौथो पत्र "रिसर्च मेथोडोलोजी : फेमिनिस्ट एण्ड जेण्डर रिसर्च मेथड्स" रह्यो भने दोस्रो वर्षको पाँचौँ पत्र "जेण्डर एण्ड पोलिटिक्स"; छैटौँ पत्र "फेमिनिस्ट थट्स्, जेण्डर डिस्कोर्स एण्ड मास्कुलिनिस्ट थट्स्"; सातौँ पत्र "प्रोजेक्ट म्यानेजमेन्ट वीथ अ जेण्डर पर्सपेक्टिभ"; र आठौँ पत्र "जेण्डर एण्ड सस्टेनेवल लाइभ्लीहूड" रह्यो । यसको अलावा ऐच्छिक पत्रको रूपमा पाँच विषय दिइयो जसमा "जेण्डर एण्ड पब्लिक पोलिसी"; "जेण्डर एण्ड भायोलेन्स"; "जेण्डर एण्ड रिलिजन"; "जेण्डर, लिगल सिस्टम एण्ड ह्युमन राइट्स; जेण्डर, आर्म्ड कन्फ्लिक्ट एण्ड पीस इनिसिएटिभ्स् रह्यो । विद्यार्थीहरूले १०० नम्बरको अनुसन्धानात्मक शोधकार्य अनिवार्य रूपमा गर्नु पर्दछ । हाल त्रिभुवन विश्वविद्यालय सेमेष्टर प्रणालीमा गएपछि लैंगिक अध्ययन पनि त्यसैअनुरूप परिमार्जन भएको छ तर आधारभूत विषयहरूमा भने खास परिवर्तन भएको छैन । पद्मकन्या क्याम्पसमा रहेको पाठ्य सामग्री स्रोत केन्द्रको अलावा लैंगिक अध्ययन विभागमै पनि हामीले नयाँ पुस्तक, जर्नल तथा अन्य पाठ्य सामग्रीहरू संकलन गरेका छौँ । यो निरन्तर जारी छ । यसको साथै हामीले

संयुक्त राज्य अमेरिकाको "सोसियोलोजिस्ट्स् फर वुमन इन सोसाइटी" (एसडब्ल्युएस) सँग जुन २०११ देखि विश्वव्यापी नारीवादी साझेदारी स्थापना गरेका छौँ। साथै फुलब्राइट एकेडेमिक एक्सचेञ्जअन्तर्गत प्राध्यापक आदानप्रदान हुने गरेको छ।

त्रिभुवन विश्वविद्यालयमा महिला अध्ययनको २० वर्ष र लैंगिक अध्ययनको आठ वर्षमा एमए र पीएचडीका शोधकर्ताले गरेका अनुसन्धानात्मक शोधपत्रहरू यस विषयसम्बन्धी महत्त्वपूर्ण ज्ञानको भण्डारको रूपमा रहेका छन्। त्यसबाहेक यस विषयमा पोखरा विश्वविद्यालयका विद्यार्थी तथा प्राध्यापकले पनि दशकौँदेखि शोधपत्रहरू तयार गरेका छन्।

☞ *लैंगिक अध्ययनलाई अघि बढाउने यहाँहरूको यो प्रयास त्रिविमै मात्र सीमित छ वा अरू शैक्षिक संस्थानमा पनि पहल भएका छन्?*

विश्वविद्यालय तहमा हामीले उक्त काम गर्दैगर्दा उच्च माध्यमिक शिक्षा परिषद्ले पनि हामीलाई यस विषयको पाठ्यक्रम बनाइदिन अनुरोध गर्‍यो। हामी त यही अभियानमा लागेका मान्छेहरू – उक्त आग्रहलाई खुसीसाथ स्वीकार गर्‍यौँ। सन् २००९ मै उच्च माध्यमिक शिक्षा परिषद्ले पनि कक्षा १२ मा लैंगिक अध्ययन शुरू गर्‍यो। हामीले कक्षा १२ का लागि किताब पनि लेख्यौँ। आज देशका विभिन्न जिल्लाका उच्च माविहरूमा कक्षा १२ मा लैंगिक अध्ययनको पढाई हुन्छ। १० जोड २ कक्षा पढ्दै गरेका १७/१८ वर्ष उमेरका कलिला विद्यार्थीलाई नै लैंगिकताको बारेमा ज्ञान दिलाउन सकियो भने समाजलाई लैंगिक संवेदनशील बनाउन सजिलो हुन्छ भन्ने सोच आएपछि हामीले सन् २०१३ देखि उच्च मावि तहमै "सम-समता लैंगिक अध्ययन छात्रवृत्ति" पनि स्थापना गरेका छौँ। हाल साझा प्रकाशनका अध्यक्ष रहेका श्री डोलेन्द्र शर्माज्यूले यस छात्रवृत्ति स्थापना गर्न र यस छात्रवृत्ति प्रत्येक वर्ष विद्यार्थीलाई हस्तान्तरण गर्न ठूलो योगदान गर्नुभएको छ। प्रत्येक वर्ष १२ कक्षाको लैंगिक अध्ययन विषयमा सबभन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीलाई उक्त छात्रवृत्ति प्रदान गरिँदै आएको छ। सन् २०१३ मा यो छात्रवृत्ति गोरखा जिल्लाकी सगुन थापा मगरले प्राप्त गरिन् भने सन् २०१४ मा मोरङका अमन चौधरी थारूले, सन् २०१५ मा मकवानपुरकी सिर्जना परियारले र सन् २०१६ मा नुवाकोटका राजु ढुंगानाले प्राप्त गरे। यसले गर्दा विभिन्न जिल्लामा छात्रा-छात्रहरूले यो विषयलाई छात्रवृत्ति हासिल गर्नका लागि पनि विशेष ध्यान दिने र प्रतिस्पर्धात्मक पठनपाठन गर्ने गरेको पाइयो।

यसबाहेक पोखरा विश्वविद्यालयमा पनि सन् २००३ देखि नै स्नातकोत्तर तहमा जनसंख्या, लैंगिकता तथा विकासको अध्यापन भइरहेको छ। पोखरा विश्वविद्यालयको यस विषयको विषय समिति र पीएचडी समितिमा पनि मैले सदस्यको रूपमा प्राज्ञिक सहयोग प्रदान गरिरहेको छु।

☞ *लैंगिक विषय भन्ने वित्तिकै महिलासँग सम्बन्धित विषय हो भन्ने मानसिकता छ । यथार्थमा लैंगिक अध्ययन के हो ।*

हाम्रो देशमा लैंगिकताको अवधारणा "विकासमा महिला" नामबाट आयो । अर्थात् यो विकाससँग सम्बन्धित भएर आयो । तर पश्चिमी देशमा यो विषय महिला अध्ययन भएर नै आयो । विशेष गरी सन् १९६० को दशकमा जब त्यहाँ दोस्रो नारीवादी आन्दोलन शुरू भयो – महिलाका विषयमा त कुनै अध्ययन, अनुसन्धान र पठनपाठन नै भएको रहेनछ, त्यसकारण यस विषयमा अध्ययन र पठनपाठन हुनुपर्छ भन्ने आवाज उठ्यो र त्यहाँ शुरू भयो । तर हाम्रो देशमा चाहिँ यो विकाससँग सम्बन्धित भएर आयो र त्यसैमा आधारित रहेर हामीले अनुसन्धान गऱ्यौँ र पठनपाठन पनि त्यसरी नै भयो ।

तर पछि विकासमा महिला बारेको सोचमै परिवर्तन आयो । अनुभवले के सिकायो भने विकासमा महिला भनेर महिलालाई छुट्टै राखेर, उनीहरूलाई अलग्याएर, उनीहरूलाई मात्रै केन्द्रमा राखेर अध्ययन, अध्यापन, अनुसन्धान र कार्यक्रमहरू गरिनु कतिपय अवस्थामा फाइदाभन्दा बढी नोक्सान पो हुन जाँदो रहेछ । यो हाम्रो लागि महत्त्वपूर्ण पाठ थियो । बरु घर परिवारमा, समुदायमा, समाजमा, राज्यमा गरी विभिन्न स्तर र क्षेत्रमा महिलाहरूको लैंगिक सम्बन्धलाई परीक्षण पछि विश्लेषण गरेर कार्यक्रम ल्याइयो भने त्यो बढी प्रभावकारी हुने रहेछ भन्ने निष्कर्षमा हामी पुग्यौँ । त्यसपछि विकासमा महिला (डब्ल्युआईडी, विड) नामाकरण गरिएको सिद्धान्त र सोचमै परिवर्तन (प्याराडाइम सिफ्ट) भयो र हामीले यो नयाँ ज्ञान र सोचलाई लैंगिकता र विकास नामाकरण गऱ्यौँ । जसअन्तर्गत महिलाको लैंगिक सम्बन्ध जस्तै : लैंगिक भूमिका, लैंगिक शक्ति सम्बन्ध (सामाजिक, आर्थिक, कानुनी तथा राजनीतिक), लैंगिकताबारे सामाजिक सोच तथा अवधारणा (जेण्डर आइडियोलोजी), लैंगिकतामा आधारित महिला विरुद्धको हिंसा, स्रोत तथा संसाधनमा नियन्त्रण, महिलाको शरीरमाथिको नियन्त्रण, महिलाको हिँडडुलमा स्वतन्त्रता, आदिलाई परीक्षण र विश्लेषण गर्छौं र महिलाका सरोकारलाई हामी सम्बोधन गर्छौँ । अन्तमा महिला पनि मानव हो र महिलाअधिकार मानवअधिकार हो भन्ने ठोकुवा गर्छौँ । यही सिद्धान्त र सोचमा आएको परिवर्तन नै आजको लैंगिक अध्ययन हो ।

☞ *नेपालमा महिलाको अवस्थाको कुरा हुने वित्तिकै "अरू कैयौँ देशका महिलाको भन्दा त राम्रो छ" भन्ने टिप्पणी आइहाल्छन् । विशेष गरी मुस्लिम देशको उदाहरण दिइन्छ । तपाईंले सार्क क्षेत्रमा पनि काम गर्नुभयो । यही क्षेत्रकै पाकिस्तान, मालदिभ्स, बंगलादेश लगायतका महिला र नेपाली महिलाको अवस्थामा यहाँले केही भिन्नता महसुस गर्नुभयो? उनीहरूभन्दा हाम्रा देशका महिलाको अवस्था राम्रो भन्न सकिने अवस्थामा छ/थियो?*

मलाई महिलाहरूको अवस्थाको तुलना गर्दा धर्मलाई कारण देखाउनु पटक्कै न्यायसंगत लाग्दैन । यो त लैंगिक समानताको मुद्दालाई विषयान्तर गरिने बहाना मात्रै हो । यो धर्मका भन्दा त्यो धर्मका महिलाको स्थिति राम्रो छ भन्ने कुरा पूर्णतया झूटो हो । किनभने संसारका सबै धर्म पितृसत्तात्मक छन् । पितृसत्तात्मक संरचना कहाँ चाहिँ महिलामैत्री छन् र? हो अरू केही देशको तुलनामा नेपाली महिला सामाजिक रूपमा धेरै नै स्वतन्त्र देखिन्छन् । तर नेपालमा गरिबीको महिलाकरण, कृषिको महिलाकरण, महिलाको अत्यधिक कार्यबोझ, महिला विरुद्धको हिंसा आदि त विद्यमान नै छन् नि । म त जबसम्म एउटा मात्र पनि महिलाले आफ्नो मानव अधिकारको निसर्त र पूर्णरूपमा उपभोग र उपयोग गर्न पाउँदैनन् तबसम्म नेपाली महिलाको अवस्था अरू देशको दाँजोमा राम्रै छ भन्ने पक्षमा छैन ।

☞ *नेपालकै कुरा गर्दा हालका दिनमा लैंगिक सचेतना बढेको हो? नेपाली महिलाको सामाजिक अवस्थामा पहिलाभन्दा सुधार आएको छ भन्न सकिन्छ?*

जब हामी लैंगिकताको प्राज्ञिक अध्ययन गर्छौं – दुई ओटा कुरामा केन्द्रित रहन्छौं । पहिलो, महिलाको अवस्थामा परिवर्तन आएको छ कि छैन भन्नेबारे । जस्तो महिलाको शिक्षाको, स्वास्थ्यको, कार्यबोझको, स्रोत साधनहरूमा पहुँच र नियन्त्रण आदिमा उनीहरूको अवस्था सजिलो वा अप्ठ्यारो के छ भनेर हेरिन्छ । दोस्रो, पुरुष र महिलाको लैंगिक सम्बन्धको स्थितिको पनि अध्ययन गरिन्छ ।

यस हिसाबले पहिलो बुँदालाई हेर्दा विगत केही वर्षयता महिलाको अवस्थामा परिवर्तन हुनुपर्छ भन्ने चेतनाको अभिवृद्धि चाहिँ मजाले भएको देखिन्छ । महिलाको स्थिति सुध्रिनुपर्ने रहेछ, उनीहरूको कार्यबोझ कम गर्नुपर्ने रहेछ, उनीहरूलाई समाजका गतिविधिमा सहभागी गराइनुपर्ने रहेछ भन्ने बारेमा सैद्धान्तिक र व्यवहारिक तहमै पनि निकै धेरै काम भएका छन् ।

दोस्रो बुँदा अर्थात् महिला र पुरुषको लैंगिक अवस्था हेर्दा चाहिँ अझै पनि समाजमा महिलाको स्थिति पुरुषभन्दा तल्लो स्तरमा नै छ । जबसम्म एकजना मात्रै महिला पनि हाम्रो समाजमा अपहेलित छन्, हिंसाबाट ग्रस्त छन्, पीडित छन् भने हामीले त्यसमा महिलाको अवस्था सुध्रिसकेको भनेर गौरव गर्नुपर्ने अवस्था रहँदैन । लैंगिक समानताका लागि हामीले आफ्नो तर्फबाट गर्नुपर्ने पहल, क्रियाशिलता र वकालत जारी नै राख्नुपर्छ भन्ने मेरो मान्यता सधैँभरि छ । समाजलाई लैंगिक संवेदनशील बनाउने यो अभियान अवकाशित (रिटायर) हुने विषय होइन । यो त रिले दौड जस्तै हो, आफू पनि सकुञ्जेल दौडिरहने र नयाँ पुस्तालाई “रिले ब्याटन” हस्तान्तरण गर्ने निरन्तरको अभियान । समाजमा एकजना मात्रै पनि महिलाको अवस्था लैंगिक रूपमा असमान रहुञ्जेल हामीले यो दौड जारी नै राख्नुपर्छ ।

☞ *एकजनासम्म पनि महिला आफूलाई विभेदग्रस्त महसुस नगरून् भन्नका लागि लैंगिकताको क्षेत्रमा अझै के के काम हुन बाँकी नै छन् जस्तो लाग्छ?*

दुई ओटा बुँदा मुख्य रूपमा कार्यान्वयन हुनुपर्छ जस्तो लाग्छ :

१) महिलालाई शर्तरहित समान नागरिक अधिकारको प्राप्ति हुनुपर्छ।

२) महिला हिंसा मुक्त घर परिवार, समाज तथा राज्य व्यवस्था हुन बाँकी नै छ। जसको प्रभावकारी कार्यान्वयनका निम्ति राज्यले महिला हिंसाका पीडकको ज्यान लिनेसम्मको हिम्मत गर्न सक्नु पर्दछ ।

## प्रस्तोता परिचय

सावित्री गौतम पोखरा निवासी सञ्चारकर्मी हुन्। कुनै समय रेडियो पत्रकारितामा आबद्ध उनी राष्ट्रिय दैनिकहरूमा स्वतन्त्र स्तम्भलेखन गर्छिन्। गौतम सञ्चारिका समूहकी पश्चिमाञ्चल क्षेत्रीय सचिव हुन्। इमेल : sabitrigautam2012@gmail.com